# आ.व.२०५९।०६०को वार्षिक प्रतिवदेन :

## १. पृष्ठभूमि :-

श्री ५ को सरकारले सरकारी निकाय र सार्वजनिक संस्थाहरुवाट प्रदान गरिने सार्वजनिक सेवालाई सर्वसाधारण जनतासम्म निर्वाध, समयबद्ध तथा विसंगतिरहितढंगले पुऱ्याई सुशासनको प्रत्याभूति गराउन तथा भ्रष्टाचार विरुद्धमा जनचेतना अभिवृद्धि गर्न संस्थागत प्रयत्नलाई व्यवस्थित गर्दै लगेको परिप्रेक्षमा "भ्रष्टाचार निवारण ऐन, २०५९" अन्तर्गत सम्माननीय प्रधानमन्त्रीज्यूको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने गरी राष्ट्रिय सतर्कता केन्द्रको स्थापना २०५९ मंसिर ९ गते भएको हो ।

भ्रष्टाचार निवारण ऐन २०५९ को परिच्छेद -४ मा भ्रष्टाचारको निगरानी सम्बन्धी व्यवस्था गरिएको छ । सो अन्तरगत दफा ३७ को उपदफा २ मा रहेको प्रकरण (१) बमोजिम केन्द्रको प्रमुखको रुपमा श्री ५ को सरकारले निजामति सेवाको विशिष्ट श्रेणीको कुनै अधिकृतलाई तोक्न सक्ने व्यबस्था गरिएको छ र सो केन्द्रमा आश्यकता अनुसार श्री ५ को सरकारका निजामति सेवाका कर्मचारीहरु रहनेछन् भन्ने ब्यवस्था गरिएको छ । यसै ऐनको दफा ३८ अन्तरगत यस केन्द्रलाई तोकिएको काम कर्तव्य र अधिकार अनुसार श्री ५ को सरकारका निकाय र सार्वजनिक संस्थावाट सम्पादन हुनुपर्ने कार्यहरु नियमित भए नभएको विषयमा सूचना संकलन गर्ने, त्यस्ता निकायहरुवाट सम्पादन हुनु पर्ने कार्यमा नियमितता भएको नदेखिएमा त्यस्ता निकायहरुलाई सो विषयमा सतर्क गराउने, सार्वजनिक पद धारण गरेको व्यक्तिको प्रचलित कानुन वमोजिम दिएको सम्पति विवरण र आयको अनुगमन गर्ने, भ्रष्टाचार हुनसक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्न आवश्यक व्यवस्था मिलाउने, भ्रष्टाचार नियन्त्रण सम्वन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत्सम्बन्धी कानुनमा कुनै सुधार गर्नु पर्ने देखिएमा श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने लगाएतका एघारवटा जिम्मेवारी तोकिएको छ ।

## २. केन्द्रको उद्देश्य :-

भ्रष्टाचार सम्बन्धमा निरोधात्मक काम सरकारले गर्ने ब्यवस्था संविधान र विद्यमान कानूनले गरे अनुरुप प्रशासनिक तथा सार्वजानिक क्षेत्रका विभिन्न तहमा हुनसक्ने ढिलासुस्ती, प्रशासनिक तथा आर्थिक अनियमितता, राजश्व चुहावट तथा भ्रष्टाचारजन्य अन्य कियाकलापहरु निवारण गरी सुशासनको प्रत्याभूत गर्ने उदेश्यले निरोधात्मक तथा सचेतनात्मक कार्यहरु गर्ने ।

## ३. संगठन संरचना :-

केन्द्रलाई सुम्पिएको जिम्मेवारीलाई प्रभावकारीढंगले कार्यान्वयन गर्नका लागि हाललाई प्रमुख अधिकृत सहित ३७ जना विभिन्न तहका कर्मचारीहरु रहने व्यबस्था गरिएको छ । जसमा रा. प. प्रथम श्रेणी का २, रा. प. द्वितीय श्रेणीका ५, रा. प. तृतीय ११, रा. प. अनं. प्रथम श्रेणीका १६ र टाइपिष्ट १ गरी कुल ३७ जना कर्मचारीहरु सहित सेवा करार अन्तर्गत निम्न स्तरका श्रेणी विहिन १७ जना कर्मचारीहरु कार्यरत छन् । सो का अतिरिक्त फाजील दरवन्दीमा रहेका राजपत्र अनंकित पदका ८ जना कर्मचारीहरु कार्यरत रहेका छन् । यस केन्द्रको सांगठनिक स्वरुपमा सूचना संकलन तथा अन्वेषण महाशाखा-१ प्रशासन तथा अनुगमन महाशाखा-१ रहेको छ । सूचना संकलन तथा अन्वेषण महाशाखा अन्तर्गत दुई वटा शाखा र प्रशासन तथा अनुगमन महाशाखा अन्तर्गत ४ वटा शाखाको व्यबस्था गरिएको छ । सम्पूर्ण ३७ वटा विभिन्न पदहरुको दरवन्दी रहेको यस केन्द्रमा २०६०।४।३२ गते सम्ममा विभिन्न पदका जम्मा २६ जना कर्मचारीहरु मात्र पूर्ति भएको छ भने बाकी ११ वटा दरवन्दी अनुसारका पदहरु हालसम्म रिक्त नै रहेको छ ।

## ४. काम, कर्तव्य र अधिकार :-

### ४.१ काम कर्तब्य :-

यस केन्द्रको काम कर्तब्य र अधिकार निम्न अनुसार रहेका छन् :-

- श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय र सार्वजनिक संस्थाबाट सम्पादन हुनु पर्ने कार्यहरु नियमित रुपमा भए नभएको विषयमा सूचना संकलन गर्ने ।
- श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजानिक संस्थाबाट नियमितरुपमा हुनुपर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गर्ने ।
- सार्वजानिक पद धारण गरेको ब्यक्तिले प्रचलित कानून वमोजिम दिएको सम्पति विवरण र आएको अनुगमन गर्ने ।
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत् सम्बन्धी कानूनमा कुनै सुधार गर्नु पर्ने देखिएमा श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने ।
- श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थामा उजुरी पेटिका राख्ने ब्यवस्था मिलाउने ।
- भ्रष्टाचार रोकथाम गर्ने उद्देश्यले आवश्यकता अनुसार सम्बन्धीत निकायलाई कुनै सुझाव वा निर्देशन दिने ।
- भ्रष्टाचार सम्बन्धी कसूरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचार सम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराई राख्ने ।
- भ्रष्टाचार सम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखि पठाउने ।
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आईपर्ने अन्य काम गर्ने वा गराउने ।
- श्री ५ को सरकारले तोकेका अन्य काम गर्ने वा गराउने ।

### ४.२ अधिकार :-

- श्री ५ को सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थाबाट नियमितरुपमा हुनु पर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गराउने ।
- भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्न आवश्यक ब्यवस्था मिलाउने ।
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत् सम्बन्धी कानूनमा कुनै सुधार गर्नु पर्ने देखिएमा श्री ५ को सरकारलाई आवश्यक सुझाव दिने ।

- भ्रष्टाचार रोकथाम गर्ने उद्देश्यले आवश्यकता अनुसार सम्बन्धित निकायलाई कुनै सुझाव वा निर्देशन दिने ।
- भ्रष्टाचार सम्बन्धी कसूरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचार सम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराई राख्ने ।
- भ्रष्टाचार सम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा कारवाहीको लागि लेखी पठाउने ।

## ५. कार्यसम्पादन सम्बन्धी व्यवस्था :-

- भ्रष्टाचार नियन्त्रण सम्बन्धी सरकारको उद्देश्यलाई मूर्तरुप दिई सुशासनको अनुभूति गराउने उद्देश्यद्धारा स्थापित यस सतर्कता केन्द्रको कार्य सम्पादन सम्बन्धी व्यवस्था भ्रष्टाचार निवारण ऐन २०५९, परिच्छेद ४ को भ्रष्टाचारको निगरानी सम्बन्धी व्यवस्थाको दफा ३८ अनुसार भएको छ । पारदर्शी प्रशासन कायम गर्दै लगी सदाचार र नैतिक समाज स्थापना गर्ने राष्ट्रिय नीति र कार्यकमहरुलाई टेवा पुऱ्याउन यो केन्द्रले आफूलाई समर्पित गर्ने अठोठ राखेको छ ।

## ६. केन्द्रमा प्राप्त भएका उजुरीका केही नमूनाहरु :-

१. जिल्ला वन कार्यालय मकवानपुरका का. मु. वन अधिकृतले अधिकारको दूरुपयोग गरी अनियमितताको साथै सरकारी सम्पतिको हानी नोक्सानी गरेको हुँदा कारवाही गरी पाउँ भन्ने निवेदन प्राप्त भएको ।

२. विराटनगर उप महानगर पालिकाका इन्जिनीयर बैकुण्ठ प्रसाद उपाध्यायले मुकुन्द प्रसाद दाहाल सँग रु. ५००००।- लिनु खानु गरी सार्वजनिक सडक मिचि कम्पाउण्ड वाल लगाउन सहयोग पुऱ्याएकोले उक्त वाल भत्काई निजलाई कारवाही गरी पाउँ भनी निवेदन प्राप्त हुन आएको ।

३. नेपाल कृषि अनुसन्धान परिषदका कर्मचारीले विना दरवन्दी कर्मचारी (अस्थाई) नियुक्ती गरे भन्ने परिषदका कार्यकारी निर्देशक विरुद्ध निवेदन प्राप्त हुन आएको ।

४. भन्सार विभागका निर्देशक खेम प्रसाद भट्टराई र राम प्रसाद भट्टराई विरुद्ध भ्रष्टचारजन्य कार्य गरी अकूत सम्पति कमाए भन्ने निवेदन प्राप्त भएको ।

५. अनौपचारिक शिक्षा परियोजनाका कर्मचारीहरुले प्रमाण पत्र छपाई गर्दा प्रतिस्पर्धा नगराई मिलोमतो गरी बढी दररेटमा आफ्ना व्यक्तिलाई दिए भन्ने उजुरी प्राप्त भएको ।

६. धनराज राजवंशीले दार्जिलिङ्ग बस्ने जय देवान विरुद्ध कार्यकारी निकायलाई झुक्याई नेपाली नागरिकता लिएको हुँदा कारवाही होस भन्ने निवेदन प्राप्त भएको ।

७. राजन शर्माले वागमति सिंचाई आयोजनाद्धारा माग गरिएको वोलपत्रमा अनियमितता गरे भन्ने निवेदन प्राप्त भएको ।

८. उजुरीकर्ता दिल बहादुर थापाले यातायात व्यवस्था कार्यालय नारायणीका ना. सु. मनोज घिमिरेले नक्कली छाप रसिद बनाई अनियमितता गरे भन्ने दिएको निवेदन प्राप्त भएको ।

## ७. सम्पादित कार्यहरुको संक्षिप्त विवरण :-

श्री ५ को सरकार (मं. प.) को ०५९।८।९ गतेको निर्णयले यस केन्द्रको स्थापना भए पश्चात आवश्यक कारवाहीको लागि प्राप्त निवेदन तथा उजुरीहरु देहाय वमोजिम छन् ।

| | | |
|---|---|---|
| (क) भ्रष्टाचार संग सम्बन्धित | - | २१ |
| (ख) ढीलासूस्ति संग सम्बन्धित | - | ३ |
| (ग) अनियमितता संग सम्बन्धित | - | २२ |
| (घ) बिविध | - | ६ |
| **जम्मा :** | - | **५२** |

ती उजुरीहरु अध्ययन गरी आवश्यक कारवाहीको लागि सम्बन्धित मन्त्रालय, विभाग, कार्यालयमा पठाएको संख्या ४१ वटा छन् । जाँचबुझ गरी कारवाही अगाडी बढाइएको उजुरीहरुको संख्या ८ वटा छन् । यस बाहेक यस केन्द्रले जनताको प्रत्यक्ष सरोकारको विषय जस्तो वैदेशिक रोजगार र छुट जग्गा दर्ता संग सम्बन्धित विषयमा अध्ययन अन्वेषण गर्ने तयारी भरहेको र भविष्यमा पनि यस्तै जनतासंग प्रत्यक्षत सरोकारका विषयहरुमा सर्वसाधारण जनताले भोग्नु परेका समस्या कठिनाइहरुलाई निराकरण गर्ने प्रयासहरुलाई तिव्रता दिइने लक्ष राखिएको छ ।

नयाँ स्थापित कार्यलयको संचालनमा आइपरेको बिविध समस्याहरुको बाबजुद पनि यस केन्द्रले सिमित स्रोत साधनको अधिकतम उपयोग गरी देहायका कामहरु सम्पन्न गरिसकेको छ ।

- श्री ५ को सरकार (मं. प.) को मिति २०५९।८।९ को निर्णयले यस केन्द्रको प्रमुख अधिकृतको नियुक्ति पछि कार्यालयको स्थापनाको क्रममा सुरुमा केही कर्मचारी काजमा ल्याई केन्द्रको स्थापना गर्ने कार्य प्रारम्भ गरिएको थियो ।
- केन्द्रलाई सुम्पिएको जिम्मेवारी परिपूर्तिका लागि आवश्यक संगठनात्मक संरचना तयार गर्ने, सो वमोजिम आवश्यक प्रशासनिक तथा प्राविधिक कर्मचारीहरुको दरवन्दी श्रृजना गर्ने कार्य सम्पन्न भइसकेको छ ।
- केन्द्रको कार्यपद्धतीलाई सुनियोजित र सुचारुरुपले संचालन गर्ने उद्देश्य अनुरुप "राष्ट्रिय सतर्कता केन्द्रको कार्यविधि, २०६०" जारी हुनका लागि उक्त कार्यविधिको मस्यौदा तयार गरी पेश गरिएकोमा श्री ५ को सरकार (मं. प.) को ०६०।५।११ को निर्णयले स्वीकृति प्राप्त भएको छ ।
- सुशासन कायम गर्नमा सघाउ पुर्‍याउन तत्काल कार्यान्वयनमा जानु पर्ने सापेक्ष सुझावको वूंदागत फेहरिस्त सम्माननीय प्रधानमन्त्रीज्यूमा पटक पटक पेश गरीसकिएको छ । (अनुसूचि नं. ३ क )
- सर्लाही र मोरङ जिल्लामा केन्द्रको अनुगमन टोली गै जिल्लाका विभिन्न कार्यालयहरुको अनुगमन निरीक्षण गरेको प्रतिवेदन सम्माननीय प्रधानमन्त्रीज्यूमा समाधानका सुझाव सहित पेश गरीसकिएको छ । (अनुसूचि नं. ३ ख )
- यस केन्द्रको उद्देश्य, काम कर्तव्य अधिकार, संगठनात्मक संरचना, कार्यसम्पादन सम्बन्धी व्यवस्था र प्रतिवद्धता समेत उल्लेख गरी राष्ट्रिय सतर्कता केन्द्र २०५९ नामक एक चिनारी पुस्तिका तयार गरी प्रकाशनको कार्य सम्पन्न भइसकोको छ ।
- नयाँ स्थापित यस केन्द्रको संस्थागत सवलीकरण र सुदृढीकरणका लागि वैदेशिक सहयोग प्राप्त गर्ने उद्देश्यले आवश्यक सहयोग पुर्‍याउनको लागि सम्बन्धित निकायमा परियोजनाको अवधारणा पत्र (Concept Paper) तयार गरी आवश्यक कारवाहीको लागि लेखि पठाइसकिएको छ ।

- केन्द्रको यस आर्थिक वर्षको विनियोजित वजेटमा व्यबस्थामा भए अनुसार कार्य सुचारुरुपले संचालनको निमित्त नपुग जनशक्ति आपूर्ति गर्ने काम र कार्यालय उपकरण आपूर्तिको व्यवस्था गर्ने काम भैरहेको छ ।
- केन्द्रलाई प्राप्त विभिन्न उजुरी, सूचनाका आधारमा केन्द्रले आफूले गर्नु पर्ने काम कारवाही अगाडी बढाइएको छ । अनुगमन गर्ने भूमिकानै केन्द्रको महत्वपूर्ण काम भएकोले कुनै सूचना नपर्खिइ ठाउँ ठाउँमा निकट भविष्यमा नै अनुगमन निरीक्षण गर्ने तयारी भैरहेको छ ।
- अनुगमन निरीक्षणको कार्यलाई सुव्यवस्थित गर्न अनुगमन निरीक्षण निर्देशिकाको समेत तयारी गर्ने कार्य अन्तिम चरणमा पुगिसकेको छ ।

## ८. सुधार गर्नुपर्ने क्षेत्र

( समस्या तथा सुझाब )

नव स्थापित यस केन्द्रको सुदृढीकरणका लागि तत्काल देहायको सुधारात्मक उपायहरु अपनाउनु जरुरी देखिन्छ :

### ८.१. भौतिक साधनको अभाव :-

यस केन्द्रको कार्यालय परिसर तात्कालिन विशेष प्रहरी विभाग रहेको जीर्ण भवनको माथिल्लो तलामा रहेको छ । केन्द्र बसेको यस भवन वर्षायाममा पानी चुहिने र सिंहदरवार पूनर्निमाण आयोजनाको भत्काइने सूचिमा पनि परेको छ । त्यसका अतिरिक्त गृह मन्त्रालय मातहतको अनुगमन सेल समेत केन्द्र बसेकै भवनको तल्लो तलामा रहिरहेकोअवस्थाले गर्दा केन्द्रलाई छुट्टै उपयुक्त भवनको टड्कारो आवश्यकता देखिएको छ । श्री ५ को सरकारका विभिन्न निकाय तथा सार्वजनिक संस्थानहरुबाट प्रदान गरिने सेवाहरु भ्रष्टाचारजन्य विकृतिबाट मुक्त छन वा छैनन् भनी नियमितरुपमा अनुगमन र छानविन गर्न यस केन्द्रको प्रमुख दायित्व रहेको छ । यस जिम्मेवारीलाई निर्वाह गर्नको लागि यस केन्द्रमा हाल सवारी साधनको अभाव रहेको छ । सवारी साधनको अभावमा आवश्यकता अनुसार निगरानी गर्ने, छड्के जाँच गर्ने कार्यमा कर्मचारीहरु खटाउन वाधा परेको हुँदा सवारी साधन छिटो भन्दा छिटो उपलब्ध गराउनको लागि आवश्यक कारवाही अगाडी बढाइएको छ । केन्द्रलाई सुम्पिएको जिम्मेवारीहरु सफलताका साथ सम्पन्न गर्न अत्याधुनिक संचारका साधन तथा सुविधाहरु सहितको उपयुक्त भवन उपलब्ध गराइनु आवश्यक भएकोले आवश्यक कारवाहीको लागि मन्त्रीपरिषद् सचिवालयलाई अनुरोध गरिएको छ । श्री ५ को सरकार मं. प. को मिति ०६०।४।२९ को निर्णले भ्रष्टाचार विरुद्ध नीति तथा रणनीतिको कार्ययोजना (Action Plan) को रणनीति नं. ७ मा समेत यस केन्द्रलाई आवश्यक स्रोत साधनको व्यबस्था गरी एक वर्ष भित्र सक्षम र सुदृढ तुल्याउने भनि उल्लेख गरेको छ ।

### ८.२. प्राविधिक जनशक्तिको अभाव :-

यस केन्द्रको स्वीकृत दरवन्दी अनुसार विभिन्न पदका ११ जना प्राविधिक कर्मचारीहरुको व्यबस्था गरिएको भएतापनि हाल आठ जना प्राविधिक कर्मचारीहरुको मात्र पूर्ति हुन सकेको छ । त्यसमा पनि माथिल्लो तहका अधिकांश कर्मचारीहरुको पदस्थापन हालसम्म पनि हुन नसकेकोले यस केन्द्रले सम्पादन गर्नुपर्ने कामहरु यथा समयमा सम्पन्न गर्न धेरै कठिनाइको सामना गर्नु परिरहेको छ । हाल यस केन्द्रमा प्राप्त प्रतिवेदन, उजुरी र सुचनाहरु अधिकांसरुपमा प्राविधिक विषयसँग सम्बन्धित उजुरीहरु बढी मात्रामा प्राप्त भएको सन्दर्भमा प्राविधिक जनशक्तिको खाचो प्रमुख रुपमा रहेको छ ।

### ८.३. वृत्ति विकासको अवसर र उत्प्रेरणाको अभाव :-

यस केन्द्रमा कार्यरत कर्मचारीहरुको मनोवल र उत्प्रेरणामा बृद्धि नल्याई अपेक्षित नतिजा प्राप्त गर्न सकिन्न । भ्रष्टाचार एउटा जटिल विषय पनि भएकोले यस विकृतिको सहि निरुपण गर्न, अनुसन्धान गर्न कर्मचारीहरुलाई प्रशिक्षण, तालिमहरुको आवश्यकता पर्दछ । बृति विकासको अवसरको अभाव र तालिम तथा प्रशिक्षण जस्तो सीप बृद्धिको अभावलाई दृष्टिगत गरी बृति विकासको योजना ल्याउनु जरुरी देखिन्छ ।

नव स्थापित यस केन्द्रको कार्यप्रकृति छुट्टै भिन्न प्रकारको र नयाँ खालको पनि भएकोले केन्द्रमा कार्यरत कर्मचारीहरुमा यस नयाँ प्रकारको जिम्मेवारी वहन गर्न आवश्यक पर्ने अनुभवको पनि तुलनात्मक कमी महसूस भएको छ । त्यसकारण केन्द्रमा कार्यरत कर्मचारीहरुको दक्षता र सीप अभिबृद्धिका लागि तालीम प्रशिक्षण जस्ता दक्षता बृद्धि गर्ने कार्यक्रमको आवश्यकता रहेको छ । यस केन्द्रमा कार्यरत कर्मचारीहरुले सम्बन्धित विषयमा दक्षता अभिवृद्धि सम्बन्धी तालीम प्राप्त गरिसकेपछि निजामति सेवा ऐनमा व्यबस्था भए वमोजिम न्यूनतम दुई वर्ष काम गरेपछि मात्र अन्यत्र सरुवा भई जानसक्ने व्यबस्थाको पालना गर्ने परिपाटिको समेत पालना गर्नु उपयुक्त देखिएकोछ ।

### ८.४. समन्वय :-

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ को देहाय (क), (ख) र (घ) मा उल्लेखित जिम्मेवारीलाई मुर्तरुप दिन श्री ५ को सरकारका सम्पूर्ण निकायहरु र सार्वजनिक संस्थानहरुको सकारात्मक सहयोग विना यस केन्द्रले आफ्नो उद्देश्य परिपूर्ति गर्न सक्ने अवस्था देखिदैन यसको अलावा भ्रष्टाचार निवारणका लागि सम्पूर्ण निकायहरु स्वयं सतर्क हुन एवं आपसमा समन्वयात्मक प्रयत्नको खाँचो रहन्छ । कार्यकारी अधिकार प्राप्त कार्यान्वयन गर्ने निकायहरुलाई यस केन्द्रले भ्रष्टाचारजन्य विकृती बारेमा सूचित गरी निवारणका लागि सजग गराउने गरिएको छ । यस भ्रष्टाचार निवारणका लागि सम्बन्धित निकायहरुलाई सजग गराएपछि ति निकायहरुबाट सम्बन्धित विषयको जानकारी प्राप्त नहुने, ढिलो प्राप्त हुने र त्यस्को अनुगमन गर्ने कार्यमा तत्परताको अभाव देखिन आएको हुँदा यस तर्फ सम्पूर्ण निकायहरु सजक हुन जरुरी देखिएको छ ।

### ८.५. मन्त्रालय स्तरको मान्यता ब्यवहारमा नदेखिएको :-

राष्ट्रिय सतर्कता केन्द्र भ्रष्टाचार निवारण तथा भ्रष्टाचार विरोधी जनचेतना अभिवृद्धि गर्नका लागि केन्द्रीय स्तरमा स्थापित मन्त्रालय सरहको निकाय हो । मन्त्रालय स्तरको निकायकोरुपमा गठन भएतापनि यस केन्द्रले प्रशासनिक आर्थिक साधन स्रोत तथा संस्थागत रुपमा मन्त्रालयस्तरको मान्यता ब्यवहारमा पाउन नसकेको हुदा केन्द्रको उद्देश्य परिपूर्तिको काममा समेत व्यवधान पुग्न गएको छ ।

## ९. उपसंहार

राष्ट्रिय सतर्कता केन्द्र स्थापना भएको भर्खरै भएतापनि आफ्नो जिम्मेवारी निर्वाहका लागि दृढता साथ लागि परेको छ । स्थापना चरणमा विभिन्न अभाव, व्यवधान तथा कमी कमजोरीहरुका बाबजुद उपलब्ध सिमित स्रोत साधनहरुलाई उद्देश्यमूलक ढंगले यस केन्द्रले संगठित एवं उपयोग गर्दै लगेको परिप्रेक्षमा भ्रष्टाचार, विसंगति र विकृति विरुद्धमा आफूलाई यस केन्द्रले अझ बढी सक्रिय बनाउदै लगी भष्टाचार विरोधी जनचेतनाको विस्तारको कार्यमा सकारात्मक योगदान पुऱ्याउने अठोट लिएको छ ।

भ्रष्टाचार विरुद्धको अभियानको सफलताका लागि सम्पूर्ण सरकारी निकायहरुको साझा प्रयासको पनि उत्तिकै भूमिका रहने कुरालाई हृदयङ्गम गरी आउँदो समयमा भ्रष्टाचार, अनियमितता र ढिलासुस्ती जस्तो चुनौतीपूर्ण समस्याको सफल निराकरणको लागि राष्ट्रिय सतर्कता केन्द्रले सबै पक्ष, निकायहरुबाट सहयोग समर्थन पाउने आशा लिएकोछ ।

## समाप्त

श्री ५ को सरकार                                   अनुसुचि-१

# राष्ट्रिय सतर्कता केन्द्र

## मौजुदा दरवन्दीको विवरण

| सि. न. | पद | श्रेणी | सेवा | स्वीकृत दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख अधिकृत | रा.प. विशिष्ट | - | १ | १ | - | |
| २ | सह-सचिव | रा.प. प्रथम | प्रशासन | १ | १ | - | |
| ३ | सह-सचिव | रा.प. प्रथम | प्राविधिक | १ | - | १ | |
| ४ | सि. डि. ई. | रा.प. द्बितिय | प्राविधिक | १ | - | १ | |
| ५ | उप सचिव | रा.प. द्बितिय | न्याय सेवा | १ | - | १ | |
| ६ | उप सचिव | रा.प. द्बितिय | प्रशासन | १ | - | १ | |
| ७ | उप सचिव | रा.प. द्बितिय | प्रशासन | १ | १ | - | |
| ८ | उप सचिव | रा.प. द्बितिय | प्रशासन | १ | १ | - | |
| ९ | शाखा अधिकृत | रा.प. तृतिय | प्रशासन | १ | १ | - | |
| १० | शाखा अधिकृत | रा.प. तृतिय | प्रशासन | १ | १ | - | |
| ११ | शाखा अधिकृत | रा.प. तृतिय | प्रशासन | १ | १ | - | |
| १२ | शाखा अधिकृत | रा.प. तृतिय | प्रशासन | १ | १ | - | |
| १३ | शाखा अधिकृत | रा.प. तृतिय | प्रशासन | १ | १ | - | |
| १४ | शाखा अधिकृत | रा.प. तृतिय | प्रशासन | १ | १ | - | |
| १५ | शाखा अधिकृत | रा.प. तृतिय | प्रशासन | १ | १ | - | |
| १६ | शाखा अधिकृत | रा.प. तृतिय | प्रशासन | १ | - | १ | |
| १७ | इन्जीनियर | रा.प. तृतिय | प्राविधिक | १ | १ | - | |
| १८ | मेकानिकल इन्जीनियर | रा.प. तृतिय | प्राविधिक | १ | - | १ | |
| १९ | लेखाअधिकृत | रा.प. तृतिय | लेखा | १ | १ | - | |
| २० | शाखा अधिकृत | रा.प. तृतिय | न्यायसेवा | १ | १ | - | |
| २१ | नायव सुव्वा | रा.प.अन.प्र | प्रशासन | १ | १ | - | |
| २२ | नायव सुव्वा | रा.प.अन.प्र | प्रशासन | १ | १ | - | |
| २३ | नायव सुव्वा | रा.प.अन.प्र | प्रशासन | १ | १ | - | |
| २४ | नायव सुव्वा | रा.प.अन.प्र | प्रशासन | १ | १ | - | |
| २५ | नायव सुव्वा | रा.प.अन.प्र | प्रशासन | १ | १ | - | |
| २६ | नायव सुव्वा | रा.प.अन.प्र | प्रशासन | १ | १ | - | |
| २७ | नायव सुव्वा | रा.प.अन.प्र | प्रशासन | १ | १ | - | |
| २८ | नायव सुव्वा | रा.प.अन.प्र | प्रशासन | १ | - | १ | |
| २९ | लेखापाल | रा.प.अन.प्र | लेखा | १ | १ | - | |
| ३० | ओभर सियर | रा.प.अन.प्र | प्राविधिक | १ | १ | - | |
| ३१ | मेकानिकल ओभरसियर | रा.प.अन.प्र | प्राविधिक | १ | १ | - | |
| ३२ | कम्प्युतर अपरेटर | रा.प.अन.प्र | विविधसेवा | १ | १ | - | |
| ३३ | कम्प्युतर अपरेटर | रा.प.अन.प्र | विविधसेवा | १ | - | १ | |
| ३४ | कम्प्युतर अपरेटर | रा.प.अन.प्र | विविधसेवा | १ | - | १ | |
| ३५ | कम्प्युतर अपरेटर | रा.प.अन.प्र | विविधसेवा | १ | - | १ | |
| ३६ | कम्प्युतर अपरेटर | रा.प.अन.प्र | विविधसेवा | १ | - | १ | |
| ३७ | टाइपिस्ट | वेगअनुसार | प्रशासन | १ | १ | - | |
| | | | कुल | ३७ | २६ | ११ | |

# कार्यान्वयनकालागि प्रस्तुत गरिएका सुझावहरु

अनुसूचि-३ क

नवगठित यस राष्ट्रिय सतर्कता केन्द्रलाई भ्र. नि. ऐन २०५९ बाट निर्दिष्ट उद्देश्य हासिल गर्न तपसिलका समस्या तत्काल समाधान गरी स्रोत साधनहिनताको अवस्थावाट मुक्त गरेर कार्य क्षेत्रमा निर्भिकतापूर्वक अघि वढ्ने क्षमता अभिबृद्धि गर्न सम्बन्धित निकायहरुवाट अविलम्व सहयोग र उपल्लो निकायवाट सहयोग एवं समन्वयको शख्त आवश्यकता हुने हुँदा यस कार्यलाई उच्च प्राथमिकता दिई गर्न गराउन प्रधानमन्त्रीज्यूको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहेको यस संस्थाको संरक्षकको हैसियतले सम्बन्धितहरुलाई यी कार्यहरु र आइपर्ने कुनैपनि कार्यलाई समेत उच्च प्राथमिकता दिई गर्न गराउन निर्देशात्मक निर्णयार्थ केन्द्रको प्रस्तावित कार्ययोजना समेत संलग्न गरी कारवाहीको लागि सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष देहायका व्यहोरा खोली पेश गरिएको ।

१. दरवन्दी वमोजिमका आवस्यक कर्मचारीको व्यवस्था सामान्य प्रशासन मन्त्रालयबाट अद्यापी हुन नसकेको ।

२. कार्यालय संचालनका लागि न्यूनतमरुपमा आवश्यक पर्ने सवारी साधनको व्यवस्था हुन नसक्नु ।

३. केन्द्रबाट गरिने अधिराज्यव्यापी निरीक्षण अनुगमन कार्यका लागि आवश्यक सवारी साधन एवं विद्युतीय उपकरणहरुको अभाव रहेको ।

४. केन्द्रका लागि उपयुक्त कार्यालय भवनको व्यवस्था हुन नसकेको । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपयोग गरिरहेको बवरमहल अवस्थित भवन आयोग अन्यत्र सर्नासाथ उपलब्ध गराउन निर्णय हुनुपर्ने ।

५. श्री ५ का सरकारका विभिन्न निकाय वीच निरन्तररुपमा चलिरहेको सु-सूचित हुने जस्ता सामान्य तर महत्वपूर्ण सुविधा दिन समेत श्री राष्ट्रिय योजना आयोग लगायत श्री ५ को सरकारकै निकायहरुबाट यस केन्द्रलाई आवश्यक नठानीनु र विभिन्न वैठक र योजना तर्जुमा, समीक्षा छलफलमा समेत सहभागी हुने अवसर नदिइनु जस्ता श्री ५ को सरकारको सचिव सरहको विशिष्ठ श्रेणीको प्रमुख अधिकृ प्रति हुने गरेको असमान देखिने कार्यालयीय व्यवहारमा तत्काल सुधार गरी केन्द्रलाई पनि आयन्दा नछुटाउन समन्वय गर्नुपर्ने ।

६. स्वदेश/विदेशमा हुने महत्वपूर्ण सभा, सम्मेलन, गोष्ठी, कार्यशाला अध्ययन भ्रमण, तालिम आदिमा श्री ५ को सरकारका निकायहरुलाई अवसर प्रदान गरिए सरह केन्द्रलाई पनि समावेश गरी ज्ञान हासिल गर्न अवसर दिएर हौसला प्रदान गर्न मं.प.स., रा.यो. आयोग र सामान्य प्रशासन मन्त्रालयको ध्यान आकर्षण गरिनुपर्ने ।

७. केन्द्रको कार्यलाई ब्यवस्थित गर्न नियमावली तर्जुमा नभएसम्मका लागि तत्काल आवश्यक पर्ने कार्यविधिको मस्यौदा तयार गरी मं.प. को निर्णयार्थ प्रस्ताव पेश गरेकोमा उक्त कार्यविधि स्वीकृत नहुँदै परिवर्तित परिप्रेक्ष्यमा फिर्ता प्राप्त भएकोमा पुनः प्रधानमंत्रीको कार्यालयमा पेश गरिएको छ, मं.प. मा पेश भै निर्णय हुनुपर्नेछ ।

८. रा.स.के. को प्रस्तावित कार्यक्रमको सफल कार्यान्वयनका लागि संस्थागत सवलीकरण लगायतका कार्यक्रममा आवश्यक बजेट उपलब्ध गराउन अर्थ मन्त्रालयको रा.यो.आ. को समेत प्रतिबद्धता हुनुपर्नेछ ।

९. यस केन्द्रले सम्पादन गर्नुपर्ने कामको प्रकृति श्री ५ को सरकारका आम निकायहरु भन्दा भिन्न प्रकारको भएकोले यसमा काम गर्ने कर्मचारीहरुलाई आकर्षित गर्न र प्रोत्साहित गरी लगनशीलता बढाउन निजहरुले खाइपाई आएको तलबको ५०% प्रोत्साहन भत्ता (मासिक रुपमा) प्रदान गर्न मं.प. मा प्रस्ताव पेश गर्न निर्णय हुनुपर्ने ।

१०. केन्द्रको कार्य प्रकृतिको कारणले अत्याधुनिक सञ्चार सुविभा प्रयोग गर्न अपरिहार्य भएकाले सोको प्रयोग गर्न निर्णय हुनुपर्ने ।

११. वर्तमान सरकारका प्राथमिकतामा आधारित विस्तृत कार्ययोजना (प्रतिलिपी संलग्न) अन्तर्गत क्र.सं.नं. (६) मा यो केन्द्रलाई प्रभावकारी ढंगमा सञ्चालन गर्ने कार्य समेत पर्नुले निश्चय पनि यस केन्द्रको हौसला बढ्न गएकोछ ।

उक्त व्यहोरा कारवाहीको लागि पेश गरिएकोमा सम्माननीय प्रधानमन्त्रीज्यूवाट मन्त्रीपरिषद सचिवालयले संयोजन गर्ने आदेश प्राप्त भए बमोजिम मन्त्रीपरिषद सचिवालयको मिति २०६०।४।१४ को पत्रानुसार आवश्यक निर्देशन भएको छ ।

## सुशासन र भ्रष्टाचारमुक्त प्रशासनका निम्ती
## तत्काल ध्यान दिनुपर्ने कुराहरु

अनुसूचि - ३ ख

- जङ्गी, प्रहरी र निजामती कर्मचारीहरुको व्यवहार तथा आचरणद्वारा नै सरकारको सफलता झल्किने हुँदा व्यवहार तथा आचरण सुधार्न गर्नुपर्ने आवश्यक कुराहरुको पहिचान गरी कार्यान्वयन गर्न कदम चाल्ने ।

- कानून भन्दा माथि कोही हुँदैन भन्ने मान्यता स्थापित गर्नसकेमा मात्र "नेपाल कानूनी राज्य ठहरिन सक्ने" हुनाले ऐन, कानून, नियमको पालनामा सर्वोपरी जोड दिने ।

- आर्थिक बिषमता, विपन्नता, सामाजिक न्यायको अभाव र भेदभावले राजनीतिक विद्रोहको डढेलो सल्किने हुनाले यी कुराहरुमा तत्काल सुधारको थालनी गर्ने गरी कार्यक्रम लक्षित गर्ने ।

- कर्मचारी प्रशासनलाई चुस्त, दुरुस्त र ईमान्दार तुल्याउन आवश्यक पर्ने कुराहरुको पहिचान गरेर नीति र कार्यक्रम तयार पारी तत्काल कार्यान्वयन गर्ने ।

- कुर्सीमा वस्ने प्रभावशाली नेतालाई अनियमितता र भ्रष्टाचारमा सघाउने काम प्रहरी प्रशासन सवैवाट भैआएकोमा सो हुन नदिन नियम, कानून, कार्य विभाजन जस्ता कुराहरुमा आवश्यक संशोधन गरी सुधार गर्ने ।

- निजामती सेवालाई सुदृढ, सवल, निर्भिक, कार्यमुखी र सेवामुखी वनाउन विद्यमान ऐन, नियम, कानूनमा तत्काल गर्नुपर्ने आवश्यक सुधार/संशोधनका कुराहरुको वस्तुगतरुपमा पहिचान गरेर लागु गर्नुपर्ने । यसो गर्दा स्वविवेकीय अधिकारलाई न्यूनतम तुल्याउने ।

- "Populist budget" र "Eat now paynever policy" राष्ट्रिय अर्थतन्त्रको निम्ती कालान्तरमा हानिकारक हुने हुँदा यस क्षेत्रमा संलग्न र जिम्मेवार ब्यक्ति एवं निकायहरुलाई सतर्क गराउनुपर्ने ।

- सुशासनका लागि र नतिजामूलक कार्यप्रणालीका लागि आवश्यक विधि विज्ञहरुको परामर्शवाट सेवा सुनिश्चित गरी लागु गर्ने ।

- एउटा सशक्त Engineering high commissiion खडा गर्ने ।

- प्राविधिक परीक्षण प्रणाली तत्काल लागु गर्ने ।

- शर्त अनुसारका समयावधि गुज्रेपश्चात पनि बैंकको कर्जा नतिर्ने ब्यक्ति, उद्योगपति र ब्यापारीहरुलाई सो नतिरुञ्जेल अन्य कार्वाहीका साथै पासपोर्ट जफत गरी विदेश भ्रमण गर्न दिनमा समेत तत्काल रोक लगाउनु पर्ने ।

- आफ्नो मंत्रालयवाट गर्नुपर्ने काम समयमा नगरी अर्को निकायको कार्य सञ्चालन र कार्य प्रगतिमा बाधा पुऱ्याएकोमा तत् तत् मंत्रालयलाई सतर्क गराउनुपर्ने ।

- सर्वसाधारणलाई मन्त्री पदको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र मातहतका सचिवको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको स्पष्टवोध हुनसक्ने कानूनी ब्यवस्था गर्नुपर्ने ।

- कर्मचारीहरुको लागि आचार संहिताको रुपमा रहेका कर्मचारी प्रशासन सम्बन्धी ऐन नियमहरुले उनीहरुको सीमा निर्धारण गरेको छ तापनि अझै यो वर्गप्रतिको राष्ट्रको लगानी र यसबाट राष्ट्रले लिएको अपेक्षालाई दृष्टिगत गरी थप आचारसंहिता तयार हुनु र परिपालना गराउनु उपयुक्त हुने देखिन्छ । उदाहरणार्थ : मनलाग्दा लेखहरु लेख्ने र छपाउने, मञ्च पाउनासाथ सार्वजनिक रुपमा सरकारी नीतिको खिल्ली उडाउने, अवकाश प्राप्त जीवनमा निवृत्तिभरण पनि खाने सरकारको प्रतिपक्ष झैं गरी आफ्ना कार्यकालका गोप्यताहरु भँजाउदै हिड्ने आदि कार्य अनुशासनहीतनताको दायरामा पारिनु उपयुक्त हुने देखिन्छ ।

- सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुबाट राष्ट्रले उनीहरुमा भएको सीप र दक्षताको भरपुर उपयोग गरी जनतालाई सेवा प्रदान गर्ने र सुशासनको प्रत्याभूति जनतामा दिनुपर्ने हुन्छ । राष्ट्रसेवक कर्मचारीहरुलाई उच्च मनोवलका साथमा आफ्नो काम, कर्तव्य र अधिकार प्रति सजग रही निर्भिक भएर काम गर्ने वातावरणको प्रत्याभूति दिनुपर्दछ । यसका लागि Performance evaluation लाई वस्तुगत, वैज्ञानिक, पारदर्शी बनाउनु पर्ने, प्रत्येक पदको कार्य विवरणमा उल्लेख गरिएका कामको प्रभावकारिता समेतको मूल्यांकन गरी नतिजामा आधारित मूल्यांकन पद्धतिको विकास गरी राष्ट्रसेवक कर्मचारीले आफूले गरेको कामलाई नै आधार बनाएर का.स. मूल्यांकनमा आफूलाई प्राप्त हुने अंकको पूर्वानुमान गर्न सक्ने तुल्याउनु उपयुक्त हुने ।

- कर्मचारीहरुको पदस्थापना र सरुवा जस्ता प्रशासनिक कामकारवाहीमा ऐन तथा नियमावलीमा गरिएका व्यवस्थाहरुलाई कडाइका साथमा पालना गर्नुका साथै पदस्थापना तथा सरुवालाई अझ बढी व्यवस्थित र पारदर्शी बनाउन निश्चित Criteria हरु निर्धारण गर्नु आवश्यक देखिन्छ । कर्मचारीहरुको उमेर, कर्मचारीमा भएको विशेष योग्यता, सीप, क्षमता, कर्मचारीहरुको सेवा अवधि भौगोलिक क्षेत्र र उसले गरेको कामको मूल्यांकन समेतका आधारमा सवै कर्मचारीहरुलाई समन्याय प्राप्त हुने किसिमवाट पदस्थापना तथा सरुवा गर्ने पद्धतिको विकास गर्नुपर्ने देखिन्छ । अवधि नपुगी सरुवा गर्ने, एउटै मानिसलाई मात्र वारम्वार सुविधा सम्पन्न ठाउँमा सरुवा गर्ने जस्ता परिपाटीले अन्य कर्मचारीहरुमा नैरास्यता जाग्न सक्ने हुनाले यस्ता कार्य प्रति विशेष सजगता अपनाउन लगाउन आवश्यक देखिन्छ । विशेष परिस्थितिमा वाहेक अवधि नपुगी सरुवा गर्ने परिपाटीलाई वन्दै गरी विशेष परिस्थितिमा सरुवा गर्नुपरेमा अख्तियारप्राप्त निकायले त्यस्तो परिस्थितिको पुष्ट्याईसाथ मुनासिव कारण खुलाई सो पारदर्शी गरेर मात्र गर्नसक्ने प्रणाली लागु गराउनु उपयुक्त हुने देखिन्छ । विशेष परिस्थिति तर्कसंगत (Reasonable) हुनुपर्दछ ।

- तालिमलाई बढुवाको लागि अंक प्राप्त गर्ने माध्यमका रुपमा मात्र लिने प्रवृत्तिको कर्मचारीहरुमा रहेको क्षमतागत कमजोरीहरुमा सुधार ल्याई तालिमको माध्यमवाट श्री ५ को सरकारका विभिन्न निकायहरु मार्फत् जनतामा प्रवाह गरिने सेवामा प्रभावकारिता ल्याई संगठनको उद्देश्य पूर्तिमा सहयोग पुऱ्याउनका लागि तालिमलाई एक नियमित प्रकृयाको रुपमा विकास गरी सबै तहका कर्मचारीलाई सेवा प्रवेश तालिम, काम संगै को सेवाकालीन तालिम र पुर्नताजगी (Refresher course Training) तालिम समय समयमा दिने नीति अख्तियार गरी तालिम दिने संस्थालाई पनि सुसंगठीत, सक्षम, सवल र सुदृढ वनाउन NASC को भूमिकालाई अझ बढी प्रभावकारी वनाइनु आवश्यक देखिन्छ ।

- निजामती कर्मचारीहरुलाई सरकारले पुरस्कार दिने कार्य आफैंमा राम्रो हो र यसले कर्मचारीमा सकारात्मक मनोभावना जागृत गराउँदछ । तरपनि सबै निजामती कर्मचारीहरुलाई सरकारले पुरस्कार दिने कार्य पनि सम्भव छैन त्यसैले निजामती कर्मचारीलाई उसले सम्पादन गरेको उत्कृष्ट र गुणस्तरीय कार्यका लागि प्रदान गरिने पुरस्कारका लागि अपनाउनु पर्ने निश्चित मापदण्डहरु पारदर्शी तुल्याई पुरस्कार दिने पद्धतिको विकास गरी पुरस्कृत व्यक्तिलाई के आधारमा, कुन सिद्धान्त र मापदण्डभित्र रहेर पुरस्कार दिएको हो भन्ने कुरा सवै निजामती कर्मचारीहरु र सर्वसाधारणले समेत जानकारी पाउने भै कर्मचारीहरु तथा सेवाग्राहीहरुमा नैराश्य, असन्तुष्टी र भ्रम हुन पाउने छैन ।

- केन्द्रीय कर्मचारी निकाय (Central personnel agency) को रुपमा काम गर्ने अधिकार पाएको सामान्य प्रशासन मन्त्रालयले Technical desk को अभावमा एउटा Technical Ministry को आवश्यकता र समस्यालाई सरलरुपमा बुझ्न नसक्ने भएकोले त्यसका लागि सामान्य प्रशासन मन्त्रालयमा Technical desk राख्नु उपयुक्त हुन्छ र यसले गर्दा Technical Ministry को आवश्यकता, चाहना र समस्यालाई सामान्य प्रशासन मन्त्रालयले सजिलैसंग बुझ्न सकिने र Technical Ministry हरुका समस्या समाधान गर्नमा सामान्य प्रशासन मन्त्रालय लाई सजिलो भै र विज्ञान प्रविधि एवं वैज्ञानिक अनुसन्धानका साथै निर्माण विकासले गति लिन मद्धत पुग्ने देखिन्छ ।

- संगठनमा व्यक्तिको भूमिकालाई गौण वनाउनुका साथै पद्धति (System) का आधारमा संगठन स्वतस्फूर्तरुपमा संचालन हुनसक्ने पद्धतिको विकास गरी जुनसुकै व्यक्ति सो संगठनमा गएपनि स्थापित पद्धति (System) अनुसार काम हुनसक्ने गरी संस्थागत विकास गरेर संगठन व्यक्तिले भन्दा स्थापित पद्धतिले (System) ले चल्न सक्ने बनाउने नीति अविलम्ब गर्न समय समयमा यस सम्बन्धी अध्ययन गराउनु उपयुक्त हुने देखिन्छ ।

- सामाजिक सेवाका साथै विकास निर्माणका काममा समेत गैरसरकारी संस्थाहरुलाई उत्साहित गरी सरकारले मात्र सबै क्षेत्रमा सार्वजनिक सेवा प्रवाह गर्न कठिन पर्ने अवस्थामा सार्वजनिक सेवाहरु जनतासम्म पुर्‍याउने भरपर्दो माध्यमकारुपमा NGOs हरुलाई तत् तत् मन्त्रालयसंग आवद्ध गरेर सम्बन्धित मन्त्रालय/निकायले सहजकर्ता एवं नियामक भूमिका निर्वाह गर्ने नीति प्रवर्द्धन गर्नुपर्ने उपयुक्त हुने देखिन्छ ।

- वर्तमान समयमा आकर्षक पारिश्रमीक, अनुशासन, कार्यालय समय र नियमितता, दण्ड र पुरस्कारको उचित व्यवस्था, पारस्परिक सहयोग र समन्वय, प्रभावकारी सूचना व्यवस्था र काम गर्ने वातावरणको प्राचुर्यताका कारणले गैरसरकारी संस्थाहरु लोकप्रिय र प्रभावकारी वन्दै गएको सन्दर्भलाई समेत विचार गरी सरकारी प्रशासनलाई पनि त्यसै दिशामा लैजान गृहकार्य गर्नु उपयुक्त हुने देखिन्छ ।

- समाजलाई भ्रष्टाचारमुक्त तुल्याई सदाचार र सच्चरित्रयुक्त तुल्याउन पदधारी राष्ट्रसेवक वा राजनीतिक व्यक्तिहरु माथि मात्रै कार्वाहीका संयन्त्र व्यवस्थित गरेर पुग्दैन । तसर्थ जसको व्यापार व्यवसाय, उद्योगधन्दा, जागीर, जमिनदारी वा यस्तै कुनै दृश्य श्रोत विनानै दिन दुई गुणा र रात चौगुना भने जस्तै गरी आर्थिक हैसियत, जीवनस्तर, रोब रवाफ अप्रत्यासित रुपमा बढेको छ त्यस्तालाई निगरानी र कार्वाहीको घेरामा पार्ने नीति, रणनीति र कानूनी प्रबन्ध आजको आवश्यकता देखिएको छ ।

- जनतामा सेवा सुविधा प्रवाह गर्ने क्रममा कार्यालयहरुमा प्रयोग भइरहेका विभिन्न किसिमका फारामहरु (विल, भर्पाई, तमसुक, जग्गा रजिष्ट्रेशन फाराम, निवेदन आदि) लाई परिमार्जन गरी सरल, सहज र पारदर्शी वनाई गा.वि.स. सचिव मार्फत् स्थानीय तहसम्म पुऱ्याउने र जोसुकै ब्यक्तिले भर्नसक्ने किसिमको वनाउने ।

- कार्यालयमा कामका लागि आउने सेवाग्राही जनताका काम सहज किसिमले गर्नका लागि सघाउ पुऱ्याउन सोधपुछ इकाईको रुपमा प्रत्येक कार्यालयमा एक जना सम्पर्क ब्यक्ति तोक्ने ब्यवस्था मिलाईनु पर्ने ।

- जिल्ला तहका कार्यालयहरुमा रहेका नागरिकता, घर जग्गा आदिको अभिलेखलाई ब्यवस्थित र सहज वनाउनका साथै एक भन्दा बढी ठाउँमा अभिलेख भण्डारण गर्न क्षेत्रीय स्तरमा र केन्द्रीय तहमा कम्प्यूटर नेटवर्किङ्गको ब्यवस्था गरेमा सेवाग्राहीलाई एकै स्थानवाट छिटो छरितो सेवा प्रदान गर्न सकिने हुँदा सो अनुसार गरिनुपर्ने ।

- राम्रो काम गर्ने निजामती कर्मचारीलाई विभागीय प्रमुखले पुरस्कारस्वरुप ग्रेड थप दिनसक्ने निजामती सेवा ऐन नियमको प्रावधानलाई अर्थ मंत्रालयको परीपत्रले रोक्का गरेको हुँदा यो र यस्ता अन्यमा समेत ऐन नियमको ब्यवस्थालाई परीपत्रले रोक्ने परिपाटीलाई हटाउनु पर्ने ।

- भ्रष्टाचार कुनै एक कर्मचारीले चाहेर मात्र गर्न सक्दैन । अमूक ठाउँमा भ्रष्टाचार हुन्छ, आम्दानी हुन्छ भनेर नै आफ्नो पद, प्रतिष्ठानको आडमा त्यस्ता ठाउँमा कर्मचारी सरुवा गराउने र निजामती सेवा ऐन नियम अनुसार कुनै ठाउँमा निश्चित अवधि तोकेर खटाइएको कर्मचारीलाई अवधि नै नपुगी मनोमानी ढंगले अन्यत्र सरुवा गराइएको धेरै उदाहरणहरु पाइन्छ । सवै कर्मचारीलाई सुगमवाट दुर्गम र दुर्गमवाट सुगम सरुवा गर्नु पर्ने नीति रहेको भनिएपनि कसैलाई दुर्गमै दुर्गम र कसैलाई सुगम नै सुगम खटाइरहने गरेका उदाहरण पनि छन् ।

निजामती ऐन नियममा कर्मचारीहरुको का.स.मु. भर्ने, बुझाउने, मूल्यांकनका तह पूरा गर्नुपर्ने निश्चित समयावधि तोकिएको छ । तर बढुवा समितिमा पेश गर्नुपर्ने का.स.मु. समयमै बढुवा समितिमा पेश नभै सोही वखत खोजी गर्ने, नभए त्यसैबखत भराउने र हेराफेरीको अवसर प्रदान गर्ने गरिएको छ ।

निजामती लगायत प्रहरी र शाही सेना तर्फ पनि उपरोक्तानुसार सम्वद्ध कार्यक्षेत्रका विभिन्न तहमा भ्रष्टाचार हुने गरेकै छन् । तसर्थ त्यस्ता काममा पारदर्शिता अपनाउने र तत् तत् तहमा प्रमुखहरुलाई जिम्मेवार तुल्याई सतर्क गर्नु आवश्यक छ ।

कतिपय उद्योगपति र ब्यापारीहरुले आफ्नो आयको सानो अंशको लोभ लालचमा पारी कर्मचारीतन्त्र र राजनीतिज्ञहरुलाई भ्रष्ट पार्ने काम गरेका छन् । र राजश्वको ठूलो हिस्सामा उद्योग/ब्यापार नामको धन्दावाट हुने विकृति कसैवाट छुपेको छैन । तसर्थ यस क्षेत्रमा संलग्न विभिन्न निकायहरुमा विभिन्न तहकाहरुलाई सतर्क गराउनु पर्नेछ ।

- देशमा शान्ति सुरक्षा कायम राख्नु गृह प्रशासनको प्रमुख दायित्व हो । शान्ति सुरक्षातर्फ राष्ट्रले ठूलो धनराशी लगानी गरिरहेको छ । शान्ति सुरक्षा वहाल गर्ने क्रममा भएका खर्चहरु अपारदर्शीरुपमा एक वा दुई ब्यक्ति बीचमा सीमित हुनु हुँदैन । यसको लागि एक निश्चित´ गराउने, आवश्यक ठानिएमा सतर्क गराई, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कारवाहीका लागि पठाउने ।

## केन्द्रको अनुगमन तथा निरीक्षण टोलीले प्रस्तुत गरेको सुझावहरु

अनुसूचि - ४

१) लिई सकेका राहदानी हराई नयां लिनु पर्ने भएमा डबल दस्तुर लिने व्यवस्था गरि अनावश्यक रुपमा राहदानी फेर्ने प्रवृतिमा नियन्त्रण गर्नु उपयुक्त हुने ।

२) भ्रष्टाचारको कार्वाही गर्ने दक्ष जनशक्तिको अभाव हटाउन अ.दु.अ.आ., गृह मंत्रालय, कानून, न्याय तथा संसदीय व्यवस्था मंत्रालय र राष्ट्रिय सतर्कता केन्द्रबाट टोलि बनाई तालिम कार्यक्रम संचालन गर्ने र त्यसरी तालिम प्राप्त जनशक्तिलाई सरुवा गर्दा जिल्ला प्रशासन कार्यलयको मुद्दाशाखामानै काम गर्ने गरी एक जिल्लाबाट अर्को जिल्लमा सरुवा मात्रै गर्ने व्यवस्था अपनाउने ।

३) बसाई सरेको प्रमाण पुरयाउनेलाई बसाई सरी आएर बसेकै जिल्ला बाट राहदानी दिने निर्देशन सबै जिल्लालाई तत्काल दिनु पर्ने ।

४) दलालहरुले कार्यालयको काममा कुनै किसिमबाट पनि प्रभावित गर्न नपाउने गरी कडाईकासाथ नियन्त्रण गर्न कार्यालय प्रमुखलाई केद्रियस्तरबाटै जिम्मेवार तुल्याउने र वरावर अनुगमन एवं कार्वाही गरी प्रचार प्रसार गर्ने ।

५) नागरिकता र जग्गा जमीनका लिखतहरु प्रति संवेदनशीलभै आवश्यक पर्ने दराज र र्‍याकहरुको अधिराज्यव्यापी लगत लिई केन्द्रिय स्तरबाटै वजेटको व्यवस्था गरेर जिल्ला जिल्लामै डेलिभरी दिने गरि एकमुष्ट खरीद गर्ने व्यवस्था यथाशीघ्र मिलाउनु अत्यावश्यक देखिन्छ ।

६ ) सार्वजनिक सम्पत्तिको लगत लिई अद्यावधिक गराई राख्ने , सार्वजनिक संपत्तिको संरक्षण गर्ने, कार्यालयहरुको निरीक्षण गर्ने , जिन्सी सामानहरुको समुचित रेकर्ड राख्न लगाउने, मर्मत संभार गराउने, लीलाम गर्ने गराउने, बजार अनुगमन गर्ने र नाफाखोरी एवं कालोवजारी हुन नदिने आदि कार्यमा गृह मंत्रालय र सो अन्तर्गत कार्यालय ( जिल्ला प्रशासन कार्यालय ) बढी जिम्मेवार एवं अधिकारयुक्त रहेको र अन्य सम्वन्धित मंत्रालय, विभाग एवं कार्यालयहरु समेत यस्ता जिम्मेवारी बाट उम्कन नपाउने हुनाले उक्त कार्य उल्लिखित निकायहरुबाट जबाफदेहीका साथ आवधिक रुपमा गर्ने गराउने व्यवस्था मिलाई कर्मचारीको कार्यसम्पादन मूल्यांकन प्रक्रिया संग समेत ती कार्य संपादनका स्थितिलाई आवद्ध गराउने व्यवस्था गरिहाल्नु आवश्यक देखिन्छ।

७ ) गा.वि.स.हरुमा सचिवहरुको पदपूर्ति नभएर वा सचिवहरु नबसेर सर्वसाधारण लाई सिफारिश गराउनु पर्ने कामकुरामा परेको समस्यमा समाधान गर्न प्रथम प्राथमिकता दिईनु अति आवश्यक देखिन्छ, अन्यथा जन सामान्यमा सरकार प्रतिनै नकारात्मक धारणा बन्न गै ठूलो हानी हुन सक्छ ।

८) नागरिक वडापत्रकै अवधारणा अनुरुप गत विगत वर्षहरुमा सबै जिल्लामा कार्यालयहरुले प्रदान गर्ने सेवा सम्बन्धी कार्य उल्लेख गरी, लाग्ने समय, दस्तुर, जिम्मेवार कर्मचारी आदि खुलाई स्थायी सूचना पाटी राख्ने निर्देशन भएकोमा त्यसको उपेक्षा गरी जिल्ला प्रशासन कार्यालय सर्लाहीमा त्यस्तो सूचना पाटी नराखिएको सम्बन्धमा आवश्यक कार्वाही तत्कालै गर्ने र अन्य सबैलाई यस तर्फ पुनः ध्यानाकर्षण गर्ने व्यवस्था सम्वन्धित मंत्रालयले गर्ने ।

९) विभिन्न निकायले जग्गा रोक्का गर्न पठाउँदा तीन पुस्ते नखुलाउनाले बेसरोकारका मानिसहरुको सम्पत्ति समेत रोकिने गरेकोले समस्या परेको विषय उल्लेख भएको सम्बन्धमा न्यायिक एवं

अर्ध न्यायिक निकायहरुबाट नै त्यस प्रकारको रोक्का सम्बन्धि कार्य हुन सक्ने हुदाँ त्यसरी रोक्का गर्न पठाउँदा जसको सम्पत्ति रोक्का राख्नु पर्ने हो त्यसको तीन पुस्ते, ठेगाना, उमेर आदि स्पष्ट संग खुलाएरमात्र पठाउने व्यवस्था हुन सबै जिल्ला प्रशासन कार्यालय, मालपोत, वन कार्यालय आदिलाई निर्देशन दिने ।

१०) लेखनदासको फिस निश्चित गरी तोकिदिने कार्यको जिम्मेवारी केन्द्रले नै वहन गर्ने र तदनुरुप देशव्यापी रुपमा कार्यान्वयन गर्ने ।

११) सर्लाही जिल्लामा गूठी जग्गाको लगत नभएको भन्ने सम्बन्धमा गूठी संस्थान केन्द्रीय कार्यालयले नै जिम्मेवारी लिई सो जिल्लामा गूठी जग्गानै नभएको भए स्पष्ट संग सोही अभिलेख जनाई राख्ने र लगतमात्रै राख्न नसकेको भए अवधि तोकी लगत तयार गरी जिम्मेवारी राख्ने व्यवस्था गर्ने ।

१२) सम्बन्धित विषयको सामान्य ज्ञान पनि नभएका कर्मचारीलाई दवाब प्रभावको भरमा सोझै कार्यालयहरुमा खटाउने प्रवृत्तिमा तत्कालै रोक लगाउने व्यवस्था सम्वन्धित मंत्रालयले मिलाउने र भूमि सम्बन्धी ज्ञान नभएका कर्मचारीका सम्बन्धमा प्राप्त प्रतिवेदनमा विशेष उल्लेख भएको तर्फ भूमिसुधार तथा व्यवस्था मंत्रालयका सचिवज्यूको विशेष ध्यानाकर्षण हुनु पर्ने ।

१३) नापी संबन्धी रेखाङ्कन वा कित्ताकाट आदि गर्न का लागि लाग्ने दस्तुर तिरे पनि जाने कर्मचारीलाई आवागमन एवं अतिरिक्त रकम समेत नदिई नहुने वाध्यात्मकताले गर्दा सर्वसाधारणलाई अतिनै मर्का परेको तर्फ सम्बन्धीत मंत्रालयका सचिवज्यू र विभागका महानिर्देशकको गंभीर ध्यानाकर्षण हुनुपर्ने देखिन्छ र यसमा तत्कालै कठोर नियन्त्रणात्मक उपाय अवलम्वन गर्नु पर्ने देखिन्छ ।

१४) जनसम्पर्क हुने कार्यालयहरुमा पहिले आउनेको काम पहिले हुने गरी टोकन व्यवस्था लागू नगरिएको विषयलाई आधार मानी तत्कालै समुचित नीति निर्देशन दिई देशव्यापी रुपमा पहिले आउनेको काम पहिले हुने व्यवस्था मिलाउने ।

१५) हदवन्दी भन्दाबढीका जग्गाहरुको एकीकृत लगत यतिका वर्षसम्म पनि नभएको तथ्य मोरङ र सर्लाहीका भूमिसुधार कार्यालयको निरीक्षणमा देखिएकोले यसमा अवधि तोकी एकीकृत लगत तयार गर्ने कार्य देशव्यापी रुपमा संपन्न गर्ने जिम्मेवारी किटान गर्नु पर्ने।

१६) जंगलमा ढलेपडेका, तस्करहरुबाट पकाउ परेका वा कटान छपान भएका काठहरु लीलाम विकी आदि गर्ने कार्य समयमा सम्पन्न नगर्ने, छरिएर रहेका काठहरु एकीकृत गरी व्यवस्थित रुपमा नराख्ने, काठको चोरी निकासी नियन्त्रण गर्ने तर्फ उदासीन रहने मोरङ र सर्लाहीका सम्बन्धित कर्मचारीहरुका कारण लाखौं करौडौंको राष्ट्रिय धन माटोमा मिलिरहेको तर्फ वन मंत्रालयको र वन विभागको विशेष ध्यानाकर्षण भै चोरी नियन्त्रण, काठ संकलन एवं रीतपूर्वकको लीलाम विकी तत्कालै गराउनु पर्ने ।

१७) अञ्चल यातयात कार्यालय कोशीको कार्यालयको ढोकामै लेखनदास र दलालहरु टेबुलै राखेर बस्ने गरेका र तिनीहरु मार्फत् सेवाग्राहीहरु निरन्तररुपमा ठगिईरहेका भन्ने बुझिएको,

सवारी कर वा अन्य करहरु कुन कुन शीर्षकमा के कति तिर्नु पर्ने हो भन्ने कुराको जानकारी दिने विवरण सूचना पाटीमा उल्लेख गरी नराखीएको, लेखनदासको दररेट निर्धारण नभएको र कार्यालयको दस्तुर बुझाउन पनि लेखनदासलाईनै पठाउनु पर्ने गरिएको, आदि स्थितिले गर्दा त्यहाँ अनुचित कामले प्रश्रय पाएको टड्कारै अनुमान हुने भएकोले यस तर्फ श्रम यातायात मंत्रालय का सचिवज्यू स्वयंको ध्यानाकर्षण हुनु पर्ने र उक्त विकृतिलाई समय तोकेर सुधार गर्नु पर्ने अति आवश्यक देखिन्छ ।

१८) विराटनगर रानी भन्सार र मलंगवा भन्सारमा औषधिहरु लगायतका विभिन्न सामानहरु परीक्षण गर्ने साधन र जनशक्ति नभएकोले मनपरी नक्कली औषधिहरु लगायतका सामानहरु भित्रिन सक्ने स्थिति रहेको, चोरी निकासीको नियन्त्रण हुन नसकेको, कर्मचारीहरुको गतिविधि माथि निगरानी राख्ने प्रभावकारी संयन्त्र नभएको, पकाउ गरिएका सामान लिलाम गर्दा "कार्टेलिङ" गरेर घटी मूल्यमा लिने गरेको जस्ता समस्या देखिएको कुरा जानकारीमा आएका सन्दर्भमा अर्थ मंत्रालय र भन्सार विभागले तत्काल विशेष ध्यान दिई औषधि व्यवस्था विभागको समेत यस्ता कुरामा सहयोग लिई कडाईकासाथ आवश्यक व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

१९) विद्युत प्राधिकरण सर्लाहीमा सवारी साधनको अभावको नाउँमा नयाँ लाईन तान्ने काम रोकिएको, लाईन वितरण गरेका ठाउँमा मिटर नदिइएको, जिल्ला भरीमा ३ ठाउँमा मात्रै महशुल संकलन काउण्टर भएकोले उठ्नुपर्ने जति महशुल नउठेको र विद्युत् चोरी बढ्दै गएको, कर्मचारीकै मिलोमतोमा ग्राहकलाई कम एम्पायरको माँग गराई बढी एम्पायरको सेवा उपलब्ध गराई अनियमितता गर्ने गरेका जस्ता गंभीर समस्या देखिएकोले प्राधिकरणको उच्च प्रवन्धकीय स्तरबाटै ध्यानाकर्षण हुन र सोही स्तरलाई जिम्मेवार बोध गराउनुपर्ने देखीन्छ ।

# विषय सूची


| सि. नं. | बिषय | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमि | १ |
| २. | केन्द्रको उद्देश्य | १ |
| ३. | संगठन संरचना | १ |
| ४. | काम, कर्तव्य र अधिकार | २ |
| ५. | कार्यसम्पादन सम्बन्धी व्यवस्था | ३ |
| ६. | केन्द्रमा प्राप्त भएका उजुरीका केही नमूनाहरु | ३ |
| ७. | सम्पादित कार्यहरुको संक्षिप्त बिवरण | ३ |
| ८. | सुधार गर्नुपर्ने क्षेत्र | ५ |
| ९. | उपसंहार | ६ |
| | अनुसूचि - १ | |
| | अनुसूचि - २ | |
| | अनुसूचि - ३ क | |
| | अनुसूचि - ३ ख | |
| | अनुसूचि - ४ | |